नेपाल सरकार
## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
मीनभवन, काठमाण्डौ

### घर भाडामा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९।११।०१

यस विभागको कार्यालय सञ्चालनको लागि निम्नानुसार पूर्वाधार भएको भवन भाडामा लिनुपर्ने भएकोले इच्छुक घरधनीहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपूर्जा, घर निर्माणको इजाजत पत्र र घरको नक्सा सहितको कागजपत्रको प्रतिलिपि संलग्न गरी यस विभागमा भाडाको सिलबन्दी प्रस्ताव सहितको निवेदन पेश गर्नुहुन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

### शर्तहरु

१. सेवाग्राहीको सहज पहुँचका लागि भाडामा लिने घर काठमाडौं महानगरपालिकाको कोटेश्वर, तिनकुने, नयाँ बानेश्वर, अनामनगर, त्रिपुरेश्वर, कमलादी, हात्तिसार, बत्तिसपुतली, सिनामंगल, पुरानो बानेश्वरको आसपासको क्षेत्र वा ललितपुर महानगरपालिका भित्रको कुपण्डोल, ज्वागल, बखुण्डोल, पुल्चोक, सानेपा, आसपास वा ग्वार्को, बालकुमारी क्षेत्र भित्र हुनु पर्नेछ ।

२. भाडामा दिने घरसम्म सवारी साधन सहज रुपमा दोहोरो आवत जावत गर्न मिल्ने मोटरबाटोको सुविधा भएको, कम्पाउडवाल रहेको र सवारी साधन (चार पांग्रे सवारी साधन–१० वटा, मोटरसाइकल–२० वटा) पार्किङको पर्याप्त सुविधा भएको हुनु पर्नेछ ।

३. उक्त घर कम्तिमा ६००० वर्ग फीट देखि ७००० वर्ग फीट सम्मको क्षेत्रफल भएको हुनु पर्ने, कार्यालय प्रयोजनको लागि उपयुक्त वातावरण तथां डिजाईनमा निर्माण भएको, पार्टेसन भएको वा कार्यालयको आवश्यकता अनुसार पार्टेसन गर्न मिल्ने हुनु पर्नेछ । तला पिच्छे महिला/पुरुष दुवैका लागि अलग/अलग शौचालय, बाथरुम र खानेपानीको पर्याप्त सुविधा भएको र अपाङ्ग मैत्री संरचना हुनु पर्नेछ । विद्युत आपूर्तिका लागि थ्री फेजको लाइन जडान भएको ।

४. घर भाडा प्रस्ताव गर्दा प्रति वर्ग फिटको दर र एकमुष्ट मासिक भाडा उल्लेख गरी प्रस्ताव पेश गर्नुपर्नेछ । पेश भएको प्रस्ताव उपर सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ अनुसार गठित घर भाडा निर्धारण समितिले तोकेको दररेटका आधारमा भाडा निर्धारण हुनेछ । घर भाडा मासिक रुपमा भुक्तानी हुँदा प्रचलित कानून बमोजिम कर कट्टी गरिनेछ ।

५. घरधनीहरुबाट पेश हुन आएका प्रस्तावहरु यो सूचना प्रकाशित भएको मितिले सोह्रौं दिनमा दिनको २:०० वजे दरभाउपत्र प्रस्तावकर्ताहरु वा निजका प्रतिनिधिहरुको रोहवरमा यस विभागमा खोलिनेछ ।

६. घर भाडामा लिने/नलिने सम्बन्धी निर्णय गर्ने अन्तिम अधिकार यस विभागसँग हुनेछ ।

७. घर भाडा सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

अनुज गौतम
शाखा अधिकृत